बैठक संख्या ५८ मिति २०७७।०८।१४

आज मिति २०७७।०८।१४ गतेका दिन विहान ७.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३ श्री नरहरि सापकोटा | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल बहादुर आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरुङ | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल, अधिकृत

श्री तीर्थ राज ढुंगाना (ई.)

## देवघाट गाउँपालिका

**वैठक संख्या ५८** **मितिः २०७७/०८/१४**

**प्रस्तावहरु:**

१. समिक्षा .................
२. सुमी स्यारोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई घाटगद्दीमा रहेको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उठाई लैजान अनुमती दिने सम्बन्धमा ।
३. नदिजन्य पदार्थको IEE प्रतिवेदन स्वीकृति, राष्ट्रपति चुरे संरक्षण विकास समितिबाट सहमति लिने र ठेक्का लगाउने सम्बन्धमा ।
४. अस्थायी प्रहरी चौकी खाल्टेका लागि दिईएको मोटरसाईकल हस्तान्तरण सम्बन्धमा ।
५. गाउँपालिकाको स्वीकृत कार्यक्रम र बजेट बमोजिम मोटरसाईकल खरिद सम्बन्धमा ।
६. देवघाटमा मेला महोत्सवको लागि सडक बत्ति व्यवस्थापनको लागि सम्झौता र रकम रु ५५ हजार उपलब्ध गराउने सम्बन्धमा ।
७. चालु आर्थिक वर्षमा नदिजन्य पदार्थको ठेक्का लगाउने सम्बन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको वडा नं. ५ को योजना परिमार्जन सम्बन्धमा ।
९. उद्यम विकास सहयोगी परिचालन सम्बन्धमा ।
१०. आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रमको लघु उद्योग प्रोत्साहन शिर्षकबाट (रु. ३ लाख) मेडपा मोडलमा आधारित भई देवघाट ५ साउनेमा सीप विकास तालिम सञ्चालन सम्बन्धमा ।

**निर्णयहरु:**

१. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. देवघाट गाउँ कार्यपालिकाबाट आ.व. २०७५/०७६ मा सुमी स्यारोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. देवघाट ५ तनहुँले त्रिशुली नदी तर्फको सेती भतेरीघाट र कालीगण्डकी नदी तर्फको साँढेबगरको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल) उत्खनन गर्न ठेक्का लिई ठेक्का सम्झौता बमोजिम तोकिएको बोल कबोल बमोजिमको रकम समयमै दाखिला गरेको र यस कार्यालयबाट मिति २०७६/०१/२६ मा दुवै घाटको नदीजन्य पदार्थ उत्खनन गरी साँढेबगर स्थित खड्ग बहादुर मगरको छोरा विर बहादुर मगरको जग्गामा भण्डारण गरि राख्ने अनुमति लिई प्राविधिकबाट प्रमाणित भएको प्रतिवेदनको आधारमा दुवै घाटको ३८००० घ.मि. नदिजन्य पदार्थ एकै ठाउँमा स्टक गरी राखेको तथा गाउँ कार्यपालिकाको मिति २०७६/०३/२० को वैठकको आधारमा यस कार्यालयबाट मिति २०७६/०३/२५ गते घाटगद्दी स्टक प्रमाणित गरेको पत्र र उक्त सप्लायर्स प्रा.लि.ले आ.व. २०७६/०७७ मा उक्त नदीजन्य पदार्थ ढुवानी गरी लैजान बाटोको असहजता एवं कोभिड-१९ को लकडाउनको कारण उठाई लैजान नसकेको हुँदा यस कार्यालयको मिति २०७७/०४/१२ मा प्रकाशित सूचना बमोजिम सम्बन्धित व्यवसायी सप्लायर्स कम्पनीले तोकिएको राजश्व तिरी पुन: २०७७/०४/१८ मा घाटगद्दी (स्टक) प्रमाणित गरी पाउन निवेदन दिएको र सो सम्बन्धमा यस कार्यालयमा स्थलगत निरीक्षणका आधारमा पुन: सोही परिमाणमा घाटगद्दी (स्टक) प्रमाणित गराई राखेकोमा सम्बन्धित व्यवसायीले मिति २०७७/०८/१२ मा स्टक गरी राखिएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल) उठाई लैजान छोडपुर्जी/अनुमति पाउँ भनी यस कार्यालयमा निवेदन दिएकोमा सो सम्बन्धमा

यस कार्यालय, सम्बन्धित व्यवसायी र स्थानीय व्यक्तिहरुको रोहवरमा मिति २०७७/०८/१२ मा स्थलगत निरिक्षण, मुचुल्का र प्राविधिक प्रतिवेदनका आधारमा उक्त सप्लायर्स कम्पनीलाई घाटगद्दीमा स्टक गरी राखेको ३८,००० घ.मी. नदीजन्य पदार्थ उठाई चितवन र नवलपरासी जिल्लासम्म लैजान अनुमति दिने निर्णय गरियो ।

३. देवघाट गाउँपालिका क्षेत्र भित्र पर्ने विभिन्न नदी खोला बगरका घाटहरुमा रहेको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को प्रयोग तथा परिचालन गरी गाउँपालिकाको आन्तरिक आय संकलनको मुख्य श्रोतको रुपमा रहेको नदीजन्य पदार्थको व्यवस्थापन अन्तर्गत प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन तयारी गर्ने कार्यलाई तिब्रता दिई कानून बमोजिम स्वीकृत गरी सम्बन्धिन निकायबाट अनुमति लिई ठेक्का लगाउने कार्यलाई उच्च प्राथमिकतामा राखि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. देवघाट गाउँपालिका वडा नं. २ स्थित खाल्टे अस्थायी प्रहरी चौकीका लागि उपलब्ध गराईएको मोटरसाईकल सोही प्रहरी चौकीलाई हस्तान्तरण गरी सवारी पास लगायतका सम्पुर्ण प्रक्रिया गरी जिन्सी लगतमा कट्टा गर्ने निर्णय गरियो ।

५. चालु आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सवारी साधन खरिदका लागि कार्यालयलाई १ थान मोटरसाईकल अति आवश्यक परि खरिद गर्नुपर्ने भएकोले सो खरिदका लागि सार्वजनिक खरिद प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो ।

६. देवघाटमा मेला महोत्सवको लागि सडक बत्ति व्यवस्थापनको लागि बिल भरपाई बमोजिम अधिकतम रकम रु ५५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

७. चालु आर्थिक वर्षमा नदिजन्य पदार्थको उत्खननका लागि IEE प्रतिवेदन बमोजिम ठेक्का लगाउने निर्णय गरियो ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको वडा नं. ५ को योजनाहरु पुलको मुख नाली निर्माण (रु. ३ लाख) र कालिका मार्ग नाली निर्माण (रु. ३ लाख) लाई परिमार्जन गरी वसन्तपुर मार्ग नाली निर्माण, देवघाट-५ (रु. ६ लाख) बनाउने निर्णय गरियो ।

९. गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि उद्यम विकास सहजकर्ताको विज्ञापन भएकोमा १ जना मात्र नियुक्त भएको र १ जना पुन: आवश्यक भएको हुँदा गरिबि निवारणका लागि "लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७" को दफा ६८ बमोजिम उद्यम विकास सहयोगी नियुक्तीका लागि कर्मचारी छनौट समितिलाई निर्देशन दिने निर्णय गरियो ।

१०. यस गाउँपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रमको लघु उद्योग प्रोत्साहन शिर्षकबाट (रु. ३ लाख) मेडपा मोडलमा आधारित भई देवघाट ५ साउनेमा सोही वस्तीमा आवश्यकता पहिचान गरी सीप विकास तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

देवघाट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७४

दुर्गा बहादुर थापा
अध्यक्ष

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत